स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतीक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



टेलिभिजन श्रृंखला 'सक्किगो नि'को टिम यतिबेला कथानक फिल्म 'लाज शरणम्' छायांकनको तयारीमा जुटेको छ । निर्माता हप्तैपिच्छे आबद्ध कलाकारको घोषणा गरिरहेका छन् । कास्टिङ हेर्दा यसमा सिरियल र फिल्ममा नाम चलेका कलाकारको पल्टन नै देखिन्छ । यो सूचीमा थपिएका छन् कक्रोच नामले प्रसिद्धि सिरियल कलाकार हरिश निरौला । निर्मातासँग उनको लिखित सहमति भएको छ ।

**आजको विचार...**



सार्वभौम...

*(दुई पेजमा)*

ज्ञानेन्द्रबहादुर श्रेष्ठ (ज्ञानु)



गीत समेत गाउने मोडल दुर्गेश थापाले अब गाली खाने काम नगर्ने बताएका छन्। सांगीतिक प्रस्तुतिका लागि अस्ट्रेलिया आएका उनले थोरै गीत स्याबासी पाउने हिसाबले मात्रै निकाल्ने बताए। 'अब म गाली खाने काम गर्दिनँ। गाली पनि धेरै खाएँ। थोरै गीत निकाल्छु, ताली खाने र स्याबासी पाउने मात्र निकाल्छु,' दुर्गेशले भने। उनले अस्ट्रेलियामा पनि आफूले गाली र आलोचना पाइने गीत नगाउने बताए। 'कति जोशमा गाइयो होला त कति साथीभाइको लहलहैमा गाइयो।

❒ वर्ष ३० ❒ अंक ३९ ❒ २०८१ भदौ ८ गते शनिबार 24 August 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# रोकिएन सडक दुर्घटना

## त्रिशुलीको घटना सेलाउन नपाउँदै मर्स्याङ्दीमा अर्को भयानक दुर्घटना

**हाम्रा संवाददाता**

**दमौली (तनहुँ),** भदौ ७/गत असार २८ गते सिमलतालस्थित त्रिशुली नदीमा ४० जना बेपत्ता हुने गरी दुई वटा बस दुर्घटना भए । दुर्घटनामा २४ यात्रुको शव फेला परे पनि अन्यको अझै अत्तोपत्तो छैन् । उक्त दुर्घटना सेलाउन नपाउँदै पुन:अर्को भयानक सडक दुर्घटना भएको छ ।

शुक्रबार पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐना पहरामा बस दुर्घटना हँदा २७ जनाको ज्यान गएको छ । यो समाचार तयार पार्दासम्म बसमा सवार ४३ जनामा २७ जनाको मृत्यु भएको तनहुँ प्रहरीले जनाएको छ । उनीहरूको तनहुँको आँबुखैरेनी अस्पतालमा पोस्टमार्टम भइरहेको छ । प्रहरीका अनुसार मृतक २६ जनाको आँबुखैरेनी अस्पतालमा पोस्टमार्टम भइरहेको छ । एक जनाको भने चितवनको भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बस दुर्घटनामा घाइते भएका १६ जनालाई उपचारका लागि काठमाडौं पठाइएको छ । नेपाली सेनाको हेलिकोप्टरबाट घाइतेहरूलाई काठमाडौं पठाइएको हो । प्रहरीका अनुसार उनीहरूको शिक्षण अस्पतालमा उपचार भइरहेको छ । शुक्रबार पोखराबाट काठमाडौं जाँदै गरेको भारतीय पर्यटक बोकेको बस आँबुखैरेनी गाउँपालिकाको ऐना पहराबाट मर्स्याङ्दी नदीमा खसेको थियो । पोखराबाट काठमाडौँतर्फ जाँदै गरेको भारतीय यात्रु बोकेको युपी ५३ एफटी ७६२३ नम्बरप्लेटको बस नदीमा खसेको हो । प्रहरीका अनुसार गोरखपुरबाट नेपाल आएको बसले गएको मंगलवार बेलहिया नाकाबाट आठ दिनको रुट परमिट लिएको थियो ।

पर्यटकलाई भैरहवाबाट पोखरा पुऱ्याएर काठमाडौंतर्फ गुड्दै गर्दा सडकबाट नदी किनारमा खसेको जनाइएको छ । बर्खाका बेला पृथ्वी राजमार्ग वा नारायणगढ–मुग्लिन सडकमा अक्सर दुर्घटना भइरहन्छन् । यो सडकको स्तरोन्नति पनि भएको हो । तर दुर्घटना कम हुनुको साटो भयानक दुर्घटनाहरु निम्त्याई रहेको छ । राजमार्ग वा कुनै सडकमा हुने यस्ता दुर्घटनालाई नियमित आकस्मिकतमात्रै मान्न सकिन्न । सडक दुर्घटनाका अनेक कारण छन्, जसलाई कम गर्न सकिन्छ । राजमार्गहरू र झन् नदी किनारको सडकमा भइरहने दुर्घटनाको खास कारण खोजी निदान गर्नु जरुरी छ ।



मर्स्याङ्दी नदीमा दुर्घटना ग्रस्त बस । तस्वीर : रासस

### सक्षिप्त समाचार

## विमान दुर्घटना हुँदा नौ जनाको मृत्यु

**(रासस/एएफपी)**

**बैङ्कक,** ७ भदौ/थाईल्याडको राजधानी बैङ्कको दक्षिणपूर्वमा टर्बोप्रप इन्जिनबाट चल्ने एक विमान दुर्घटना भई जङ्गलमा खस्दा बेपत्ता भएका नौ जनाको मृत्यु भएको उद्धारकर्ताहरूले शुक्रबार जनाएका छन् ।

विमान बिहीबार चाचेओङ्साओ प्रान्तको जङ्गलमा खसी दुर्घटनाग्रस्त भएपछि जहाजमा रहेका सबै व्यक्तिहरूको मृत्यु भएको अनुमान गरिएको थाई अधिकारीहरूले जनाएका छन् । दुई पाइलट तथा सात जना यात्रुसहित नौ जना सवार जहाज बैङ्कको सुवर्णभूमि विमानस्थलबाट थाइल्यान्डको खाडीस्थित ट्राट प्रान्ततर्फ जाँदै गर्दा दुर्घटना भएको स्रोतले जनाएको् छ । दुर्घटनापछि बेपत्ता व्यक्तिहरूलाई खोज्ने प्रयास गरिरहेको बताउँदै विमानमा सवार सबै जनाको मृत्यु भइसकेको चाचोङ्साओका गभर्नर चोन्लेटी याङ्ट्रोङ्गले घटनास्थलमा पत्रकारहरूलाई जानकारी दिए ।

स्थानीय सञ्चारमाध्यमका अनुसार जहाजमा सवार यात्रुहरूमा दुई बालबालिकासहित चार थाई र पाँच चिनियाँ नागरिक थिए । दुर्घटनाग्रस्त विमानको खोजी कार्यका लागि ३०० भन्दा बढी सैन्य कर्मचारी र स्वयंसेवक तैनाथ गरिएको छ भने अधिकारीहरूले दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिसकेका छन् ।

## नेपालमा टिकटक प्रतिबन्ध खुला

**पाल्पा,** भदौं ७/सरकारले नेपालमा सामाजिक सञ्जाल 'टिकटक' मा लगाएको प्रतिबन्ध हटाउने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले टिकटक खुला गर्ने निर्णय गरेको हो ।

केही शर्त सहित टिकटक खुला गर्ने निर्णय भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए । टिकटक कम्पनीलाई तीन महिनाभित्र नेपाल सरकारले दिएका सर्तहरू पुरा गर्न भनिएको छ । सामाजिक सद्भाव भड्काएको भन्दै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले २३ कात्तिक २०८० मा सामाजिक सञ्जाल नियमिन निर्देशिका ल्याएर सामाजिक सञ्जालहरुले नेपालमा दर्ता भएर सम्पर्क विन्दु राख्नुपर्ने सहितका व्यवस्था गरेको थियो । लगत्तै २७ कात्तिकमा सामाजिक द्वेष फैलाएको र सामाजिक मर्यादा बिथोलेको भन्दै मन्त्रिपरिषद् बैठकले टिकटक बन्द गर्ने निर्णय गरेको थियो । टिकटक प्रतिबन्धपछि दाहालको आलोचना भएपछि उनले एमाले अध्यक्ष केपी शर्मा ओली समेतको सहमतिमा बन्द गरिएको बताएका थिए । उनले टिकटक प्रतिबन्धमा काँग्रेस सभापति शेरबहादुर देउवाको पनि सहमति रहेको बताएका थिए । दाहाल नेतृत्वको सरकारले सामाजिक सदभ्भाव बिथोल्ने गरी पारिवारिक संरचना र सामाजिक सम्बन्धलाई खलबल्याउने गरी प्रचारप्रसार हुन थालेको भन्दै सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको बताएको थियो । तर अहिले तिनै केपी ओली नेतृत्वको सरकारले सर्तसहित टिकटक खुला गर्ने निर्णय गरेको हो ।

सरकारले हालै पारित गरेको सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाको पालना र अन्य चार सर्तसहित टिकटकमाथि लगाएको प्रतिबन्ध खुला गरेको छ । निर्देशिका सबै सामाजिक सञ्जालका लागि लागू हुने र टिकटकले उक्त निर्देशिकाबाहेक पनि चार सर्तहरु पूरा गर्नुपर्ने छ । टिकटकले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुपर्ने, डिजिटल सुरक्षा साक्षरताका लागि लगानी गरी नेपाली नागरिकको साक्षरता दर बढाउन मद्दत गर्नुपर्ने, सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउनका लागि सहयोग गर्नुपर्ने र सामाजिक सञ्जालमा प्रयोग हुने भाषामा संवेदनशीलता अपनाउनुपर्ने सर्त राखिएको छ ।

## बटौलीलाई सम्पदा संरक्षित क्षेत्रको रुपमा विस्तार गर्दै बुटवल उपमहानगर

**बुटवल,** भदौ ७/बुटवल उपमहानगरपालिकाले बटौली क्षेत्रलाई सम्पदा संरक्षित क्षेत्रको रुपमा विस्तार गर्ने भएको छ । उसले बुटवलको वडा नम्बर १ र २ मा पर्ने बटौली क्षेत्रलाई सम्पदा संरक्षित क्षेत्रको रुपमा विस्तार गर्ने भएको हो ।



महानगरले बटौलीलाई पूरानै अवस्था झल्काउने गरी पुन: निर्माण गर्ने, सम्पदाहरुको संरक्षण गर्ने र बजारलाई स्थापित गर्ने योजनाका छलफललाई अगाडि बढाएको छ । बटौली बजारको सम्पदाको संरक्षित गरी शहरलाई गुल्जार बनाउने गरी आफुहरु छलफलमा जुटेको उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए । 'बटौली बजारलाई कसरी गुल्जार बनाउन सकिन्छ भन्ने विषयमा हामीले धेरै अघिदेखि छलफल चलाउँदै आएका छौं, उनले भने-बटौली बजारलाई सांस्कृतिक र पर्यटकीय रुपमा स्थापित गर्न सकिन्छ ।' पुरानो बुटवलका नामले परिचित बटौलीमा थुपै पुराना र ऐतिहासिक घरहरु छन् । ती घरहरुमध्ये जीर्ण भएका र पुननिर्माण गर्न सम्भव हुने घरहरुलाई नयाँ स्वरुप दिएर पूरानो बुटवलको मौलिकतामा लैजाने गरी शहरी विकास मन्त्रालयसँग छलफल भइरहेको प्रमुख पाण्डेयले बताए ।

उनका अनुसार बटौलीलाई मौलिक शैलीमा जोगाएर यहाँको पहिचानलाई उजागर गर्ने र बटौलीमा परम्परागत शैलीको व्यापारलाई पुनस्थापित गर्ने योजनामाथि छलफल भइरहेको छ । सुरुमा वडा नम्बर १ का केही घरहरुको पुन: निर्माण गर्ने, मर्मत गर्ने र पहिले जसरी व्यापार व्यवसाय सञ्चालन गर्ने अवस्थामा पुऱ्याउनका लागि अध्ययन गरेर बाँकी काम अगाडि बढाएको प्रमुख पाण्डेयले बताए । उनका अनुसार अहिले माथिल्लो पुलको गणेशथान मन्दिरदेखि सिद्राबजार र लायन्सगेटसम्मको क्षेत्रका ४२ घरलाई पुनस्थापित गर्ने गरी योजना बनाइँदैछ । जसका लागि स्थानीयसँग छलफल गर्ने, इच्छुकलाई कार्यक्रममा सहभागी हुन आह्वान गर्ने र नगरले आर्थिक रुपमा सहयोग गर्ने गरी प्रारम्भिक योजना बनेको प्रमुख पाण्डेयले बताए । चालु आर्थिक वर्षमा पूरानो बुटवल क्षेत्रमा हाइमास्ट लाइट र परम्परागत फल्चा निर्माणका लागि बजेट छुट्याइएको र अरु क्षेत्रगत विकासका लागि समेत बजेट विनियोजन गरेको उनले जानकारी गराए । जसअनुसार शुरुमा ४२ वटा घरहरुलाई नमूनाका रुपमा काम अगाडि बढाउने र त्यसपछि बाँकी घरहरुलाई पुरानै शैलीमा रुपान्तरण गर्ने गरी नगर विकास कोष, बुटवल उपमहानगरपालिका र स्थानीयबासिन्दाबीच सहमति गरेर काम अगाडि बढाउने गरी योजना तयार भएको बुटवल उपमहानगरपालिकाका शहरी विकास महाशाखा प्रमुख सुमन श्रेष्ठले बताए । तीन पक्षबीच सहमति भइ काम शुरु भएमा २ वर्षमा सबै काम सकेर स्थानीयले बजार सञ्चालन गर्नसक्ने गरी नगर विकास कोषले गरेको अध्ययन रिपोर्टमाथि परामर्शदाता टोली र बुटवल उपमहानगरपालिकाबीच छलफल भएको श्रेष्ठले बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## सन्तुलित नीति अपनाऊ

**पछिल्ला केही महिना यता वाणिज्य बैंकहरुले निरन्तर ब्याजदर घटाउँदै लगेका छन् । लगानी योग्य पुँजी पर्याप्त भएकाले बैंकहरुले ब्याजदर घटाउँदै लगेका हुन् । उनीहरुले हरेक महिना सार्वजनिक गर्ने ब्याजदरमा निक्षेपको ब्याजदर घटाउँदै गएको पाइन्छ । लामो अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा केही उच्च ब्याजदर र छोटा अवधिको मुद्दती निक्षेपमा ब्याजदर केही कम गर्ने नीति बैंकहरूको देखिन्छ ।**

**बैंकहरुमा लगानीयोग्य रकम पर्याप्त हुनु, चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नीतिगत दर ५.५ बाट ५ प्रतिशतमा झारिनु, ब्याजदर करिडोरको माथिल्लो सीमा ७ बाट ६.५ प्रतिशतमा झारिनुले भदौमा बैंकहरुलाई ब्याजदर घटाउन बल पुगेको पाइन्छ । बैंकको ब्याजदर घट्दै गए पनि पर्याप्त लगानी हुन सकिरहेको छैन् । बैंकको ब्याजदर घट्नु सकारात्मक पक्ष भए पनि यसको व्यवस्थापन चुनौतीपूर्ण हुन्छ । ब्याजदरले अर्थतन्त्रमा विभिन्न प्रभाव पर्ने भएकाले यसको व्यवस्थापन चुनौतीपूर्ण मानिएको हो । निश्चय पनि ब्याजदर घट्दा ऋण सस्तो हुन्छ । यसले घर, गाडी र अरु खरिद गर्न प्रोत्साहन दिन्छ । यसले उपभोगमा वृद्धि गराउँछ र अर्थतन्त्रको माग पक्षलाई बलियो बनाउन मद्दत गर्छ । ब्याजदर कम हुँदा त्यसको फाइदा कर्जा लिनेलाई भए पनि बचतकर्ता भने घाटामा पर्छन् । पछिल्लो समय कर्जाको मागमा आएको शिथिलताले तरलता (कर्जायोग्य रकम) बढेको कारण देखाउँदै बैंकहरुले निक्षेपमा दिने ब्याज घटाएपछि त्यसले बचतकर्तालाई घाटामात्र पार्ने हैन, बचत गर्न पनि निरुत्साहित गर्ने विज्ञहरुको चिन्ता छ । बैंकहरूले बजारमा माग र आपूर्तिलाई आधार देखाए पनि नाफा घट्न थालेपछि खर्च कटौती गर्न निक्षेपमा दिने ब्याज घटाएका हुन् । ब्याजदर कम हुँदा त्यसको फाइदा कर्जा लिनेलाई भए पनि बचतकर्तालाई हुने घाटालाई पनि हेर्न आवश्यक छ । कुनै पनि देशको अर्थतन्त्र सक्षम बन्नका लागि वित्तीय क्षेत्र सबल हुनुपर्छ । वित्तीय प्रणालीभित्रका संस्थाहरूको मुख्य औजार निक्षेप, लगानी र ब्याजदरको सम्बन्ध सबल नहुनुले हाम्रो देशमा बैंक तथा वित्तीय संस्थाको भूमिका प्रभावकारी हुन नसकेको स्पष्ट छ । यसर्थ दीर्घकालीन आर्थिक स्थिरता र आर्थिक वृद्धिको सुनिश्चितता गर्न सरकार तथा केन्द्रीय बैंकले सन्तुलित नीति अपनाउन जरुरी छ ।**

### Opinion @ Social Network

घमण्ड गर्नेलाई गर्न दिनुस् भुई छोडेर उडेको धूलो पनि हावाले छोड्यो भने, फेरि भुई मै आउने हो ।।

*(रिता सारुकोफेसबुक स्टाटसबाट https://www.facebook.com/saru.rita )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वभौम सम्पन्न राष्ट्र र आजको परिवेश



**ज्ञानेन्द्रबहादुर श्रेष्ठ (ज्ञानु)**
**तानसेन-२, पाल्पा**

हाम्रा स्वाभिमानी वीर पौरखी, पूर्खाहरुको सत्य, निष्ठा, त्याग, तपस्या अगम् शाहस अतुलनिय बलिदानद्वारा सिर्जित अखण्ड सार्वभौम सम्पन्न राष्ट्र नेपाल हो । पिडी-दर-पिडी धर्म, सत कर्म न्याय, आस्था, प्रेम सद्भावना, क्षमाको आदर्श गौरवशाली इतिहासको अभिलेख बोकेको शान्ति प्रिय प्यारो देश नेपाललाई लिने गरिन्छ । तर...। अफशोच र विडम्बना नेपालको निर्मल, स्वच्छ, पवित्र जल, थल, अग्नी, वायु, आकाश र सामाजिक मूल्य र मान्यता आज नेपाली आवरण बन्न नसक्नु बडो दुर्भाग्य पूर्ण अवस्था हो । राजनीतिले हामीलाई विभाजित गर्छ, धर्मले हामीबीच पर्खाल खडा गर्छ, संस्कृतिले हामीलाई टुक्राटुक्रामा विभाजित गर्छ, तर देशको प्रेमले सबैलाई एकसूत्रमा बाँध्न सक्छ । आफ्नो राष्ट्रप्रतिको प्रेम मानिसको दोस्रो धर्म हो जसको अभिव्यक्ति राष्ट्रियताको भावनामा हुने गर्छ । नेपाली राष्ट्रियता यस्तो भावनात्मक एकता हो जसमा देशभित्रका भौगोलिक, जातीय, सांस्कृतिक रूपमा विभाजित विविध 'पेटी नेसनालिज्म' हरू एउटै नेपाली 'राष्ट्र' को भावनामा एकीकृत भएका हुन्छन् । यो भनेको आफ्नो माटो, आफ्नो संस्कृति र स्थापित भौगोलिक अखण्डताप्रतिको गहिरो भावनात्मक आसक्ति हो । तर त्यसो हुन सकिरहेको छैन् । यो अत्यन्त दुखको कुरा हो । राजनीतिक दलहरुको स्वार्थका कारण न भावनात्मक सम्बन्ध कायम हुन सकेको छ न त नेपालले प्राकृतिक रुपमा पाएका वरदानहरुको सही उपयोग गर्न सकेको छ । यसर्थ सार्वभौम राष्ट्र र अहिलेको परिवेशका बारेमा यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

जुठो भात, तिहुन चखुवा, नदी, नाला, मातृभूमी बेचुवा नालायक नैतिकहिन, सत्तापिपाशु विदेशी दलालहरुको निहित स्वार्थ र अकर्मन्यताको उपजका कारण देशले विकासमा फड्को मार्न नसकेको कुरा जगजाहेर नै छ । जाय, जन्म, भरण, पोषण, स्वभाव, संस्कारका सहयोगी, सहयात्री आत्मियजन हामी देशवासीहरु यिनका सौतेली सन्तान बन्न पुगेका छौं । धिक्कार छ हामीलाई । हत्या, हिंसा, अन्याय, अत्याचार, पापाचार, दुराचार, यिनीहरुका पुख्यौली विराशतका साथै शास्त्रीय लेख महाभारतका कौरव निती र संस्कार यिनका आर्दश हुन् । सत्ता, भत्ता, कर, कमिशन, रेमिटेन्स, आधारभूत सामग्रीसहित सुनसम्म काण्डै काण्डले जकडिएको यिनका पारिवारिक पृष्ठभूमी र जन्मजातैका जमदार हुन् ।

असफल, कृषि, औद्योगीक आर्थिक, व्यवसायिक, राजनीतिक धरातल यिनका अपार्दशी कार्यनीति निर्माण कार्य,विकाशका झुठो आश्वासनका वकुमफुसे नारा मात्र हुन् । संकुचित, निकम्मा, न्याय, प्रसाशन, कर्म प्रणाली, सार्थकहिन अर्थतन्त्र, लाचार, असंक्षरण गणतन्त्र/गर्भमा पलिरहेको भ्रूण पनि वैदेशिक ऋणको बोझ बोकी जनमन बाध्य छन् यिनका राजमा । समृद्ध राष्ट्र, राष्ट्रिय स्वतन्त्रता, अखण्डता, स्वाधिनता,राजधर्म,पितृ सत्ताको रतिभर पनि पहिचान नभएका दानविय, पराकाष्ठीय भ्रष्ट शासकहरुको शासन सत्ता सञ्चालित छ यहाँ । विकराल, अव्यवस्थित वैदेशिक, मौद्रीक, संघीय, धमिरे सरकारी निती, धन, जन, जिउ, ज्यान बचाउ गर्न अहो...! बडो मुस्कील हुँदै गयो । अभागी, असुरक्षित, हताश, उद्यमी, व्यापारी, सिपमुलक हस्तकला, परम्परागत धातुकला, निराश श्रमजिवी हात, पलायन पौरखी उर्जावान युवा तथा पुरुषार्थी जमात । परिवर्तित, प्रतिकुल, आर्थिक, सामाजिक, व्यसायिक मन्दी । अनिकाल, भुखमरी, अकाल हेरवरा नेपाली जनजिविकाको आत्मीय कथा, व्यथा र विलौना ।



*राजनीतिले हामीलाई विभाजित गर्छ, धर्मले हामीबीच पर्खाल खडा गर्छ, संस्कृतिले हामीलाई टुक्राटुक्रामा विभाजित गर्छ, तर देशको प्रेमले सबैलाई एकसूत्रमा बाँध्न सक्छ । आफ्नो राष्ट्रप्रतिको प्रेम मानिसको दोस्रो धर्म हो जसको अभिव्यक्ति राष्ट्रियताको भावनामा हुने गर्छ । नेपाली राष्ट्रियता यस्तो भावनात्मक एकता हो जसमा देशभित्रका भौगोलिक, जातीय, सांस्कृतिक रुपमा विभाजित विविध 'पेटी नेसनालिज्म' हरू एउटै नेपाली 'राष्ट्र' को भावनामा एकीकृत भएका हुन्छन् । यो भनेको आफ्नो माटो, आफ्नो संस्कृति र स्थापित भौगोलिक अखण्डताप्रतिको गहिरो भावनात्मक आसक्ति हो । तर त्यसो हुन सकिरहेको छैन् । यो अत्यन्त दुखको कुरा हो । राजनीतिक दलहरुको स्वार्थका कारण न भावनात्मक सम्बन्ध कायम हुन सकेको छ न त नेपालले प्राकृतिक रुपमा पाएका वरदानहरुको सही उपयोग गर्न सकेको छ । यसर्थ सार्वभौम राष्ट्र र अहिलेको परिवेशका बारेमा यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । जुठो भात, तिहुन चखुवा, नदी, नाला, मातृभूमी बेचुवा नालायक नैतिकहिन, सत्तापिपाशु विदेशी दलालहरुको निहित स्वार्थ र अकर्मन्यताको उपजका कारण देशले विकासमा फड्को मार्न नसकेको कुरा जगजाहेर नै छ ।*

हाँ क्क्क्क्क उश्श्श्श्श्श ?

प्रचण्ड पिडाजनक, आत्माग्लानी जीनव शैली, मानविय विउ जोगाउन साह्रै कठिन हुँदै गयो । आत्मा रक्षाका कर्तव्य र सिद्धान्त आज लिलाम हुने जटिल सुनामीमा फस्यो । वाह...! अझ पनि यिनका क्या आडम्बर, यस, ऐश्वर्य, रवाफ, झुठो शान, सौकत । तिम्रा क्षणभङ्गुर दिखावा औकात मात्र नै त होनी । अमूल्य, आत्मिय सम्मानका जनमतको कोटी कोटी ऋणी छौ । एक दिन यस्ताका दुश्कर्म, धुरी चढी अन्यायाश नै बोल्ने छ ।

स्वजनलाई दु:ख कष्ट, आघात पुऱ्याउने मान्छे सुखले कहिले कहाँ बाचेका छन् र ? छ र ? विधिको शासन, सिद्धान्त र कर्तव्यलाई घात गरी अनैतिक जाल, झेलले संचित अर्थ सत्ता र जीवन कालान्तरसम्म टिकेको कहाँ छ र हैन ? यस्ता अराजक प्रवृतिका पशुतुल्य अमानविय जीवन अत्याधिक अधिक व्याकूल, असह्यै दु:खकष्ट, पिडाका साथ छटपट्याउँदै अन्तकरणमा समाहित हुने नै हो नि । हैन र ? ऐ...। जे को पनि एक हद र सिमा हुन्छ । यार, के लाज शर्म धर्म भन्ने नै छैन र ? हैं ? यदी अनैतिक कार्यद्वारा मणि, माणिक्य धनदौतलको चाहना राख्छौ भने । लंकेश्वर रावण र सम्राट सिकन्दरको जीवनी पढ । असह्यै पिडाजनक व्याकुलता सही सहस्त्र धारा अमृत पान गराएकी ममतामयी मातृत्व र पुर्खाले आर्जेको मातृभुमीको चिरहरण गर्ने गराउने ति नपुङ्सक कपुतहरुको कात्रो विनाको कूकूरमरण । विष्टामा रमाउने किराको जुनीमा पुर्नजन्म हुन जान्छ भनि आदर्श पौराणिक गरुडपुरानको सर्वाधिक आख्यान आदिकालदेखि चित्रण हुँदै आई रहेको भन्ने कथन प्रचलित छ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज विभिन्न अवसरले पछ्याउनेछन् । | **तुला** : मनोरञ्जनमा सहभागिता भइएला । आटेका काम पूरा हुँनेछ । |
| **बृष** : नजिकको मित्रसँग भेटघाट हुनेछ । पठनपाठनमा प्रगति हुनेछ । | **बृश्चिक** :प्रशस्त धन आर्जन गर्ने अवसर पाउनुहुनेछ । |
| **मिथुन** : सम्पत्ति हराउने र साँझमा खर्च बढ्न सक्छ ।बोलीमा ख्याल गर्नुहोला । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्नेछ सफल यात्राको योग पनि छ । |
| **कर्कट** :राजनैतिक कार्यमा बाधा आउन छ । सोचेको कुरा पूरा हुँन ढिलाइ हुँनेछ | **मकर** : नयाँ कार्यको थालनी हुनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । |
| **सिंह** : योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । | **कुम्भ** :आज मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । |
| **कन्या** :आज जुक्ति तथा बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । | **मीन** :मुद्दामामिलामा विजयी भइनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |

# साहित्य दर्पण

निबन्ध ● डा. गणेशप्रसाद भट्टराई

## शब्दमा रमाउने प्रेमिका

*शब्दमा जादु हुन्छ । शब्द हृदयलाई छुने, मस्तिष्कलाई प्रेरित गर्ने र आत्मालाई शान्ति दिने शक्तिशाली माध्यम हुन् । प्रेमीका जादूगर शब्दले प्रमिकाको मर्म पग्लिन्छ, गहिरिन्छ । चुम्बकीय शब्द भावनात्मक सम्प्रेषण र मर्मस्पर्शी सम्बन्धका सेतु हुन् । प्रेमपत्र, कविता, निबन्ध र संवादको माध्यमबाट अभिव्यक्त भावमा प्रेमिकाले प्रेमीप्रति समर्पण देखाउँछिन् । शब्दमा सजीवता, सवेदनशीलता र आत्मीयता हुन्छ, जसले प्रेमिकाको मनलाई गहिरो रूपमा छुन्छ ।*

प्रेमको अभिव्यक्ति असीमित हुन्छ । प्रेम स्मित मुस्कान र सुन्दर शब्दको संयोजन हो । प्रेमिका प्रेमको स्त्री लिङ्गी स्वरूप हो । प्रेमको स्वरूप आफ्ना भावना, विचार र अनुभव समेटिएका शब्दमा सजिन्छ । सुन्दर मिठा शब्द प्रेमको गहिराइ प्रदर्शन गर्ने कडी हुन् ।

शब्दमा जादु हुन्छ । शब्द फदयलाई छुने, मस्तिष्कलाई प्रेरित गर्ने र आत्मालाई शान्ति दिने शक्तिशाली माध्यम हुन् । प्रेमीका जादूगर शब्दले प्रमिकाको मर्म पग्लिन्छ, गहिरिन्छ । चुम्बकीय शब्द भावनात्मक सम्प्रेषण र मर्मस्पर्शी सम्बन्धका सेतु हुन् । प्रेमपत्र, कविता, निबन्ध र संवादको माध्यमबाट अभिव्यक्त भावमा प्रेमिकाले प्रेमीप्रति समर्पण देखाउँछिन् । शब्दमा सजीवता, संवेदनशीलता र आत्मीयता हुन्छ, जसले प्रेमिकाको मनलाई गहिरो रूपमा छुन्छ । प्रेमिका शब्दमा रमाउँछन्, सामीप्यमा खुल्छन् र भावनामा समर्पित हुन्छन् । लाग्ला के शब्दमा प्रेमी रमाउन सक्दैनन् ? सक्छन् तर परम्परादेखि नै प्रेमिकाको वर्णन गरिएको छ र प्रेम सम्बन्धमा प्रेमिकाको नै मूल्य बढी छ ।

प्रेममा पत्र लेख्ने कला पुरानो हो । पहिले प्रेमपत्र प्रेमको अभिव्यक्तिको प्रमुख माध्यम थिए । किंवदन्ती र कथामा प्रेमी र प्रमिकाबीच प्रेमपत्रलाई रूपमा वर्णन गरेको पाइन्छ । अहिले पनि प्रेमपत्र लेख्ने कलामा प्रेमिका रमाउँछन् । प्रेमीका सुन्दर प्रेमपत्रलाई शब्द शब्दमा बुझेर प्रेमिकाले स्वीकार वा अस्वीकार गर्छन् । प्रेमपत्र लेख्दा प्रकट हुने भावना, अनुभव र विचार शब्दकै परिणति हुन् । शब्दले प्रेमको गहिराइलाई स्पष्ट पार्छ र विशेष आनन्द महसुस गराउँछ । यसमा चखेवाको मिलन भरेर प्रेमिका रमाउँछन् । दुःख पर्दा प्रेमीका वचनले प्रेमिका रमाउँछन् । काम गर्दा तिमीमा सामर्थ्य छ भन्ने प्रशंसाले रमाउँछन् । म सहयोग गरौं भन्ने सामान्य सहानुभूति प्रेमिकाका लागि प्रेरणा हुन्छ । सम्बन्ध सुधार्ने र विश्वास बढाउने आधार हो । गालीका ठाउँमा माया, घृणाका ठाउँमा हार्दिकता र शङ्काका ठाउँमा विश्वासले प्रेमिकाको मस्तिष्कमा ऊर्जा र सक्रियता भर्छ । प्रेमिकाले प्रेमीका हरेक इच्छा र चाहनामा साथ दिन्छन्, केवल उनलाई ऊर्जाशील शब्द भए पुग्छ । कामको प्रशंसा, आत्मीय सम्मान र विश्वासिलो सम्बन्ध सङ्केत गर्ने थोरै शब्दमा प्रेमिका रमाउँछन् । शब्दमा रमाएर उत्साही बन्नु र विश्वासलाई जीवनको सारथि ठान्नु शब्द र प्रेमिकाको अन्तरसम्बन्ध हो ।

कविता, गजल र गीत शब्दमा रमाउने प्रेमिकाका मन पर्ने क्षेत्र हुन् । प्रेमिकाले गीत गजलमा आफ्ना भावना र प्रेमलाई सम्बोधन गरेको पाउँछन् । गजलका अनेकौं शेर त प्रेममै केन्द्रित हुन्छन् । गजलका शेरले प्रेमिकालाई खुसी पार्न चाहन्छन्, प्रेमको बखान गर्छन् । कविता र गजलमा भावना, लय र सङ्गीतको तालमेल हुन्छ । यसले खुसीको चरमोत्कर्ष बढाउँछ । कवि र गीतकारले प्रेमिकाको वर्णन गरेर सिर्जनाको उचाइ थप्छन् । कविका शब्द पढेर र गीत सुनेर प्रेमिकाले आफूलाई कवितुल्य ठान्छन् । शब्दका भावमा डुबेर जीवनका अनेकौं पक्षको कल्पना गर्छन् । शब्दको सौन्दर्य बुझेर प्रेमिकाले समेत प्रेमीमा रोमाञ्च र आत्मीयता सुम्पन्छन् । आपसमा मन्त्रमुग्ध बनाउने यस आकर्षणले प्रेमको नयाँ संसार सिर्जना गर्छ । प्रेमिकालाई शब्द सुम्पेर प्रेमी र कवि दुवै मक्ख पर्छन् । प्रेमी संवादमा शब्द भर्छ, कवि सिर्जनामा भाव भर्छ । दुवैको काम शब्दको सामर्थ्य बढाउनु हो । सामर्थ्य भएरै विशेष अवसरमा दिइएका शब्दको उपहार प्रेमिकाले फदयकेन्द्रमा सजाउँछन् ।

संवाद र सञ्चारमा प्रयोग हुने शब्द सम्बन्ध विस्तारका आधार हुन् । शब्दमा रमाउने प्रेमिकाले संवाद र सञ्चारको गुह्य बुझेको हुन्छ । ती शब्दमा हाँस्छन्, शब्दैमा रमाउँछन् । एक सुन्दर शब्दले अनुहारको नैराश्य हराउँछ । एक नरम शब्दले शरीरको आलस्य हटाउँछ । शब्द सामर्थ्यकै कारण उनी खुलेर कुरा गर्छिन् र आफ्ना भावना र विचारलाई स्पष्ट रूपमा व्यक्त गर्छिन् । उनका संवादमा स्पष्टता र सजीवता हुन्छ । उनले प्रेमीलाई पनि खुलेर कुरा गर्न प्रेरित गर्छिन् । यसले सम्बन्धमा समझदारी र विश्वासको वातावरण सिर्जना गर्छ । खुलेर कुरा गर्न सक्नु र आपसमा स्पष्ट हुनु शब्द सञ्चारको सामर्थ्य हो । सञ्चारको सजीवतालाई महत्त्व दिने प्रेमिकाले प्रेमको परिभाषा बुझेको हुन्छ । शब्दको भाव बुझ्ने प्रेमिकाले प्रेमीलाई पनि प्रेमको अर्थ बुझाउन सक्छन् । शब्द प्रेमको अर्थ बुझाउने शक्ति हो । शब्दकै कारण वैमनस्य जन्मन्छ । शब्दकै कारण प्रेमले अमरता प्राप्त गर्छ । पुस्तक र साहित्य प्रेमको स्वाध्याय हो । शब्दमा रमाउने प्रेमिका पुस्तक र साहित्यका प्रेमी हुन्छन् । यस्ता प्रेमिका विभिन्न विधाका पुस्तक पढ्न मन पराउँछन् । साहित्यिक कृतिमा डुब्न रुचाउँछन् । साहित्यिक ज्ञान र समझदारीले उनको व्यक्तित्वलाई सजीव र गहिरो बनाउँछन् । प्रेमीसँग पुस्तक, लेखक र कृतिका बारेमा चर्चा गर्छन् । यसले सम्बन्धमा नयाँ आयाम थप्छ । साहित्यप्रेमी भएकाले उनीहरूको संवादमा पनि गहिराइ र व्यापकता हुन्छ । प्रेम सिर्जना हो । प्रेमी प्रेमिकाले एकअर्का बीच सञ्चारमा प्रयोग गर्ने शब्द साहित्य सिर्जनाका आधार हुन्छन् । प्रेमको सञ्चारमा प्रयोग हुने शब्दले उच्च साहित्यिक स्वरूप बोकेका हुन्छन् । सिर्जनात्मक लेखनमा डुब्नु शब्दमा रमाउने प्रेमिकाको अर्को विशेषता हो । शब्दमा रमाउन सक्नेले कथा, निबन्ध र लेख लेख्न रुचाउँछन् । प्रेमिकाका सिर्जनात्मक लेखनमा जीवनका विभिन्न पक्ष उजागर हुन्छन् । प्रेम, जीवन र सम्बन्धको गहिराइका लागि ती आम सिकाइ पनि हुन्छन् । सिर्जनात्मक लेखनको माध्यमबाट भावना र विचार प्रकट गर्दा मुनामदन, शाकुन्तलका रूपमा भावना र संवेदनशीलता प्रगाढ हुन्छन् । शब्दको यही संवेदनामा प्रेमिका रमाउँछन् । प्रेरक शब्दले जीवनलाई प्रेरित र उत्साहित बनाउँछन् । प्रेमीका प्रेरक शब्दले प्रेमिकामा आत्मविश्वास बढाउँछ । प्रेरक शब्दले प्रेमीलाई नयाँ लक्ष्य हासिल गर्न प्रेरित गर्छन् र सम्बन्धलाई नयाँ उचाइ, प्रेरणा र ऊर्जा दिन्छन् । प्रेमीका हरेक प्रेरक शब्दमा प्रेमिका रमाउँछन् ।

शब्द पीडाको उपचार र खुशीको आधार हो । प्रेमी र प्रेमिकाले शब्दको माध्यमबाट आपसी उपचार गर्छन् । प्रेमिकाले प्रेमीको पीडा, दुःख र तनावलाई शब्दको माध्यमबाट कम गर्न सक्छिन् । उनका शब्दमा आशा, शान्ति र समझदारी हुन्छ । यसले प्रेमीलाई कठिन समयमा सान्त्वना दिन्छ । शब्दको मर्म बुझ्ने प्रेमिकाले प्रेमीलाई आफ्नो समस्या र भावना व्यक्त गर्न प्रेरित गर्छिन् । शब्दले प्रेमका घाउलाई उपचार गर्छन् र सम्बन्धलाई सजीव बनाउँछन् । दुःखमा सहानुभूति र सुखमा रमाउने शब्द प्रेमले प्रेमिकालाई दिने सुन्दर उपहार हुन् । यस्ता उपहारमा प्रेमिका सधैं रमाउँछन् । शब्दमा रमाउने प्रेमिकाले शब्दशक्तिलाई बुझ्छन् । प्रेमिकाका शब्द प्रेमीका लागि प्रोत्साहन, समर्थन, आत्मीयता, संवेदनशीलता र सजीवता हुन् । शब्दको प्रभाव र प्रयोगले मानिसको जीवन परिवर्तन गर्छ । शब्दबाटै भावना, विचार र धारणा बन्छ । सही शब्दको चयनले सञ्चारलाई प्रभावकारी बनाउँछ । सकारात्मक शब्दले मानिसलाई प्रेरित र उत्साहित बनाउन सक्छ । तिमी यो गर्न सक्छौ भन्ने शब्दले प्रेमिकामा आत्मविश्वास बढाउँछ । शब्दले सामाजिक परिवर्तन, न्याय, समानता र मानव अधिकारको आवाज बोकेको हुन्छ । प्रेमका सम्बन्धमा प्रयोग हुने शब्दले पनि यस्ता कुरा समेटेको हुन्छ । शब्दले गहिरो भावनात्मक प्रभाव पार्छ । सुखद समाचार, प्रेमको अभिव्यक्ति वा प्रशंसा गर्ने शब्दले मानिसको मनोविज्ञानमा परिवर्तन गरिदिन्छ । शब्दमा मन परिवर्तन गर्ने शक्ति हुन्छ । प्रेमीका असल सोचयुक्त शब्दले प्रेमिकाको मन पगाल्न सक्छ । परिवार, समाज, व्यवस्था र व्यवहारको बोध गराउन सक्छ । प्रेम सिर्जना हो । शब्दमा रमाउने प्रेमिका सर्जक हुन् । म सर्जक बन्न चाहन्छु ।

*-साहित्य पोस्ट डटकम*

क्लासिक कथा ● तारिणीप्रसाद कोइराला

## झूल

मजस्तो गरिबलाई दुई पैसा खर्च गर्दा त कपालबाट पसिना चुहुन्छ भने एक रुपियाँ एक आना त कुरै के ? त्यसो त मसँग छ रुपियाँ थियो तर यस छलाई दश, दशलाई बीस र यसै गरी सयसम्मन् पुऱ्याई एउटा सानू नुनतेल, मसलाहरूको पसल थाप्ने साह्रै रहर भएकाले झट्ट एउटा तुच्छ झूलको निम्ति सत्र आना खर्च गर्ने आँट आएन ।

तीनपल्ट हीरा साहूको पसलसम्मन् पुगें र थरी-थरीका झूलहरू हेरें । एक दिन एउटा झूल मन पनि पऱ्यो र मूल्य सोधें । एक रुपियाँ आठ आना भन्यो । मैले घटाई एक रुपियाँ एक आनासम्मन् पुऱ्याएँ पनि । थैलीबाट सिङ्गो कम्पनी र एक आना खुरुक्क निकाली थसुल्ले मारवाडीको हातमा हत्तपत्त दिन साह्रै गाह्रो लाग्यो । नकिन्ने विचार गरी मैले टाल्नलाई भनें, 'मन परेन ।' मारवाडी भाषामा साहूले के-के सराप्यो मैले केही बुझिनँ । कसूर मेरै भए पनि त्यसले एउटा ग्राहकलाई सराप्ने के हक ? मैले पनि नेपालीमा लाजभाँड गाली गरें र बाहिर निस्कें । तर जब राती ट्वीई...ञ, ट्वीई...ञ गर्दै लाम्खुट्टे कानमा कराउन लागे अनि झूल नकिनेकोमा पछुतो हुन लाग्यो । आफैंलाई धिक्कार्दाधिक्कार्दै बिहान भयो । रातभरि नसुतेकाले काम गर्न मन लाग्दैनथ्यो, कुनै तौरले गरे पनि एकैछिनपछि पट्टाई लागी हाई-हाई गर्दै उँघ्न लाग्दथें । यसै गरी दिन बित्न लागे । दिनभरि त मच्छडको विचारै आउँदैनथ्यो, तर रात के पऱ्यो गाला बजायो, कान पिट्यो, एउटा कोल्टेबाट अर्को कोल्टे फर्क्यो र ब्याहान भयो । जाडो त यसै गरी बित्यो । तर अब गर्मी बित्दिनँ भन्थ्यो । एक त वीरगन्जको लाम्खुट्टेको फौज, दोस्रो त्यहाँको गर्मी र तेस्रो मेरो गनाउने छिँडीको डेरा, बितोस् कसरी ? कुनै रात त मेरो छिँडीको कोठा दिउँसोको गर्मीले गुम्सिएर धोबीको भट्टीलाई पनि माथ गर्थ्यो । बाँसको पंखा घुमाउँदाघुमाउँदै आँखा लट्ठिनु के थियो लाम्खुट्टेको खुट्टीको प्रहार र बिनासुरतालको ट्वाँट्वाँले फेरि बिउँझन्थें । एक दिन राती तन्द्रामा मैले देखें- एउटा बगैंचामा एउटी राम्री तरुनी जर्जेटको साडी र रेशमी ब्लाउज लगाई आफ्नो सुकुमार, सुकिलो, नरम गोडालाई बिस्तार-बिस्तार बढाउँदै मधुर स्वरमा बिहाग गाउँदै मनजिकै आइरहेकी थिइन् । तर अकस्मात् तिनी थामिइन् । म झल्याँस्स बिउँझें । युवतीको बिहाग त मच्छडको सुर पो रहेछ । गर्मीले खलखली पसिना आयो, लाम्खुट्टेहरू टोक्न लागे, रछ्यानको गन्धले बस्न मुस्किल पऱ्यो । तर के गर्नु, हवलदार बङ्गला, बाबरलेटको ठूलो झूल, फूलको सुगन्ध, बिजुली पंखाको बतास सोचेर त भएन ।

यही आफ्नो गरिबीलाई नै भाग्य सम्झनुपर्छ । फेरि पंखा घुमाउन थालें । अकस्मात् झूल किन्ने विचार आयो-भोलि त अवश्य किन्छु, रुपियाँ भई भईकन किन दुःख भोग्नु । बिहान हुनासाथ त्यही एक रुपियाँ र एक आना-सत्र आनाको झूल किन्ने निश्चय गरें । तर बिहान त हुनै खोज्दैनथ्यो ! भोलिपल्ट उठ्नासाथ हीरा साहूको पसलमा पुगें । पसले त उही थियो तर उसले मलाई चिनेन । एक दिन सरापेकोलाई मोरोले बिर्सेछ । ठीक भयो नत्र... ! मैले झूल देखाउनलाई भनें । एकैछिनमा मेरो अघिल्तिर थरी-थरीका झूलहरूको थुप्रो भयो । तर मलाई छान्नु थिएन, चार महिना पहिला नै छानिसकेको थिएँ । त्यस कारण अरू झूलहरूलाई पन्छाउँदै उही 'सत्रआने' झूल खोज्न लागें । एक्कासि मनमा शंका उठ्यो- 'कहीं त्यो झूल बिक्री भइसकेको भए !' मनमनै झसङ्ग भएँ, धेरै खोजें तर अन्तमा पाइनँ । अर्कै झूलको मोल गराउनुपऱ्यो । एउटा निकै राम्रो झूल थियो, गौरसँग हेरें र दाम सोधें । एक रुपियाँ र छ आना भन्यो । तर धेरैबेर हेर्दा त्यो मन परेन । अर्को हातमा उठाएँ, दाम एक रुपियाँ दश आना । चार आनाको फरकमा यस्तो असल ! फेरि अर्को उठाएँ, दाम दुई रुपियाँ । पहिलेभन्दा यो नै राम्रो र मजबुत थियो । यही किन नल्यूँ ? छ आना त बेसी हो नि । फेरि आर्को हेरें, तीन आनाको फरक र पहिलेको भन्दा धेर असल । हुँदा-हुँदा बाबरलेटको झूलको पनि दाम सोधें, सात रुपियाँ भन्यो । पहिले हेरेको मामुली कपडाको झूलभन्दा यो बाबरलेटको झूलमा एक रुपियाँ मात्रै फरक थियो । किन एक रुपियाँ अरू थपेर बाबरलेटको नै नलिनु ? सुनेको थिएँ, बाबरलेटको झूल धेरै वर्ष खप्छ । मैले पसलेलाई सोधें, 'सातभन्दा घट्दैन ?'

उसले भन्यो, 'अहँ ।' यसरी टाउको हल्लाउँदै उसले यो 'अहं' भन्यो कि सातभन्दा एक पैसा पनि नघट्ला झैं लाग्यो । तर मसँग सात थिएन, मैले साढे पाँच भनें । धेरै मोलतोल हुँदा-हुँदा अन्तमा छमा मन्जुर भयो । तर थैली निकाल्दामा मेरो हात काम्यो । एउटा झूलको छ रुपियाँ । किनूँ कि नकिनूँ, यही फसादमा परें । झट्ट मेरो मगजमा रातीको लाम्खुट्टेको घुनुनुन्न र गाला, कान, छाती, गोडालाई केहीबेरको अन्तरमा हातले प्याट्ट प्याट्ट पिटेको याद आयो । नाकको टुप्पोमा लाम्खुट्टे बस्दथे, अल्छीले हात उठाई उडाउन मन लाग्दैनथ्यो । त्यस कारण नाकको पोरा चारपल्ट फुलाई उडाउनुपर्थ्यो । त्यो दुःख बेसाउनुभन्दा त रुपियाँ खर्च गर्नु नै बेस हो नि । तर छ रुपियाँ किन खर्च गर्नु ? लाम्खुट्टेको डरले ? मुटुमा ढ्याङ्ग्रो बज्यो, तर मनलाई दरो बनाई रुपैयाँ मारवाडीको हातमा राखिदिएँ एक किसिमले दान दिएँ- पाँचवटालाई त उसले राखी हेऱ्यो मात्रै, तर एउटा भिक्टोरिया रानीको रुपियाँलाई चाहिँ धेरैबेरसम्मन् कहिले आँखानजिकै टाँसी र कहिले कोट्याई-कोट्याई हेर्न लाग्यो । 'केही गरी चलेन भने ?' म डराएँ । तर हैन चल्यो, भुइँमा धेरैबेर ठटाएर कन्तुरको प्वालबाट छिरायो । त्यस दिन केही काम गरिनँ । रुपियाँ खर्च गरेकोमा पछुतो भयो । कहाँ सय पुऱ्याउने र पसल थाप्ने विचार, कहाँ एउटा झूल किन्दा नै रुपियाँ सकियो ! त्यो बाबरलेटको झूललाई दिनभरि छिँडीमा बसी हेरिरहें । यसका एकनासका साना प्वाल, बकुल्लाभन्दा पनि सेतो कपडा-हेर्दाहेर्दै मन फेरि रमायो । बेस भयो । जे भए पनि किनिहालें । अब पछुतो गरेर नै के हुन्छ ? कमसेकम सात-आठ वर्ष त खप्ला नि !

मामुली कपडाको किनेको भए दुवै वर्षमा धुजाधुजा हुन्थ्यो । साँझ पऱ्यो- छिँडीमा त दिउँसैदेखि साँझ परिसकेको थियो । तर अब सारा वीरगन्जमा झमक्क साँझ पऱ्यो । अब झूल कस्ने सुरसार गर्नुपर्छ भनी फरियाको पारी खोज्न बाहिर निस्कें । धुइँधुइँती खोज्दा एउटा रातो पारी पाएँ । त्यसलाई च्यातेर चारोटा लामो-लामो त्यान्द्रो बनाई झूल कस्न थालें । कीला त थिएन, त्यस कारण एकातिरको त्यान्द्रोलाई ढोकाको सिक्रीमा, एउटालाई दलिनको कडीमा, आर्कोलाई चाहिँ आँखीझ्यालमा टाँगीवरी पानस सल्काएँ । अब रामायण पढ्नु थियो । खाटको सिरानतिर एउटा ठूलो टिनको सन्दुकलाई ठाडो पारी राखें । र, त्यसमाथि पानस । अनि झूल कसीवरी खाटमा बसी रामायण बाच्न थालें- 'एक दिन् नारद सत्यलोक् पुगि गया...।' झूलको माथिको हिस्साले टाउको छुन्थ्यो, त्यस कारण अलि अप्ठ्यारो लाग्यो- टाउको निहुराइरहनुपर्ने । तपाईंहरू भन्नुहोला ६-६ रुपियाँ हालेको झूल पनि कहीं सानू हुन्छ ? तर मेरो कुरो पनि त सुन्नुहोस् । झूल सानू थिएन, असाध्य ठूलो थियो, त्यस कारणले ठूलो हुनाले माथिको हिस्सा लत्रिन्थ्यो । फेरि तपाईंहरूले मेरो छिँडीको कोठा देख्नु नै भएको छैन । देखेको भए भन्नुपर्थ्यो, 'तारे ठीक भन्छ ।' झूल त कोठाभरिलाई पनि पुग्ने थियो तर खाट भने साह्रै सानू । अब विचार गर्नुहोस्, अवश्य नै लत्रिएको थियो होला । तर जे भए पनि मेरो जस्तो बाबरलेटको झूल तपाईंहरूमध्ये पनि धेरै कम मानिसको छ । मलाई एक दिन मालको सुब्बाकहाँ जाने मौका मिलेको थियो । सुब्बाजस्तोकहाँ पनि मामुली कपडैको झूल देखें । रामायण बाँचीवरी ढिँडो ओडाली एक भुल्को गुन्द्रुक उमाली खाईवरी सुत्ने सुरसार कसें । बिस्तारै झूल खोली जतनसँग खाटमा लडें । लाम्खुट्टे त थिएन, तर गर्मी असाध्य थियो । कोठामा एउटा सानू आँखीझ्याल मात्र थियो । त्यसमा पनि बाहिर हावा चलेको थिएन ।

हावा कहाँबाट आओस् ? खलखली पसिना आयो । पंखा हम्कें । तर कतिबेरसम्मन् हम्किरहनु ? यताउति कोल्टो परें । फेरि पंखा हम्कें । नीद केही गरे पनि परेन । धेरै विचार गर्दा थाहा पाएँ, यै झूलले गर्मी ज्यास्ती खपिनसक्नु भएको हो । अन्तमा झूल उठाउनुपऱ्यो । छ रुपियाँ हालेको झूलले केही काम दिएन । झूल उठाएपछि गर्मी त केही कम भयो तर फेरि लाम्खुट्टेको उपद्रव-कहिले मुखमा किटिक्क, कहिले गोडामा र कहिले आँगमा- (लुगा फुकाली सुतेको थिएँ) । एक घण्टापछि फेरि झूल कसें, फेरि उकुसमुकुस, फेरि खलखली पसिना, थाहा नै पाइएन कहिले भुसुक्क निदाएँछु । भोलिपल्ट राती- झूल ठूलो थियो, खाटमा बस्यो कि माथिको झूलको हिस्सा आई मुखमा र टाउकोमा लत्रिने । रामायण बाचें, तर केही बुझिनँ, किनभने टाउकोमा र झूलमा नै मेरो मन अल्झिएको थियो । हातले कति पल्ट पन्छाएँ, तर फेरि लत्रिने । यस्तो अप्ठ्यारो र असजिलो लाग्यो कि के भनूँ । जम्मा छ रुपियाँ गाँठ थियो त्यो पनि यही नाथे झूलमा याँकें । मनमनै झूलदेखि रिस उठ्यो । एक पटक त जोरसँग झूललाई माथि फ्याँकें पनि तर फेरि आई टाउकोमा हल्लिन लाग्यो । ओह ! मनुष्यको सुख-दुःख कत्रो तुच्छ वस्तुमा निर्भर हुँदो रहेछ, एउटा हलुको झूलले छुँदा कन्सिरी तातेर आउँछ । रामायणनजिकै मुख लगी पढ्न थालें, झूलले त छोएन तर घिच्रो दुख्न थाल्यो । फेरि टाउको उठाउनुपऱ्यो, फेरि झूल । 'धिक्कार यस्तो जीवनलाई'- मैले झोंक्किएर एक पल्ट चिच्च्याएँ । चिच्च्याएर के हुन्थ्यो ! झूल माथि उठेन । अनि फेरि झूलको प्रति क्रोध, जीवनको प्रति घृणा र गरिबीको प्रति आँसु जोरले बढ्न थाल्यो । हुन त एउटा मामुली झूलले छोएको मात्रै थियो, तर मलाई यस्तो भान भयो मानूँ झूल मलाई गिज्याउँदै छ । जस्तो मानिसको टाउकोमा एक-एक बुँद पानी धेरैबेर खसालिरह्यो भने त्यो मानिस पागल हुन्छ त्यस्तै मलाई पनि त्यो झूलले बहुला बनायो । एकपल्ट फेरि भएभरको जोरले झूललाई माथि हुत्त्याएँ । एकातिर डोरी चुँडियो र सारा झूलले मलाई छोप्यो । डोरी चुँडिनु के थियो मेरो खप्ने सीमा पनि च्वाट्ट गरी चुँडियो । आँगबाट झूल पन्छाईवरी हत्तपत्त खाटबाट ओर्लिएर सारा झूललाई अँगालो हाली आफूतिर तानें । बाँकी तीनवटा बन्धन पनि चुँडिए । म क्रोधले बहुलाझैं भएको थिएँ । झूलको एउटा फुर्कोलाई पानसको ज्वालामा डढाएँ । हुरहुर बल्न थाल्यो मेरो बाबरलेटको झूल ! मनमा केही शान्ति भयो, तर कोठाभित्र त बस्नु भएन, घर सल्किने डर थियो । बलिरहेको झूललाई झट्ट चोकमा लगें थुप्र्याएँ, धुवाँले सारा घर रङमगियो । के-के न भयो भन्दै माथि बार्दलीबाट थुप्रै मानिस हेर्न लागे । म कुरुक्क बसेर बल्दो बाबरलेटको झूललाई हेर्दै थिएँ । माथिका मानिसहरूले पनि केही बोलेनन् । छ रुपियाँको झूलको अन्तिम क्रियालाई मैले टाउको निहुराई हेरिरहें । खरानी भएपछि म जुरुक्क उठें र एकपल्ट लामो सास फेरी बिस्तार-बिस्तार आफ्नो धुवाँ र लाम्खुट्टेले रङमगिएको कोठातिर हिडें । के त्यस बखत म चिन्तित थिएँ ?

*-बाह्रखरी डटकम*

# संस्थागत क्षमता स्वमूल्यांकनमा रुरुक्षेत्र उत्कृष्ट




**गुल्मी,** भदौ ७/स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनको नतिजामा गुल्मीको रुरुक्षेत्र गाउँपालिका उत्कृष्ट भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तिम रुप दिई सार्वजनिक गरेको स्वमूल्यांकनमा आर्थिक वर्ष २०७९/८० मा ८७ प्रतिशत अंक ल्याएर गाउँपालिका अन्तर्गत देशभरमै दोस्रो र लुम्बिनी प्रदेशमै पहिलो बन्न सफल भएको हो ।

देशका चार सय ६० गाउँपालिकामध्ये दोस्रो बनेको रुरुक्षेत्रले गरेका हरेक क्रियाकलाप व्यवस्थित अभिलेखीकरण गरेका कारण देशभरमै दोस्रो र प्रदेशमा पहिलो बन्न सफल भएको रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले जानकारी दिए । गाउँपालिकालाई आगामी वर्ष देशमै पहिलो बनाउने लक्ष्यका साथ आफूहरू अगाडि बढिरहेको उनले बताए । मन्त्रालयले गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा धादिङ बेनीघाट रोराङ गाउँपालिका देशभरमै पहिलो बनेको छ । जसले ८७.२७ अंक प्राप्त गरेको छ । त्यस्तै गुल्मीको रुरुक्षेत्र र सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाले बराबर अंक प्राप्त गरेर देशभरमै दोस्रो बनेका छन् । दोस्रो स्थान हासिल गरेको सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाले ८७ अंक प्राप्त गरेको छ ।

नगरपालिकातर्फ धादिङको नीलकण्ठ नगरपालिका प्रथम, रुपन्देहीको तिलोत्तमा नगरपालिका र चितवनको रत्ननगर नगरपालिकाका द्वितीय र तृतीय भई पुरस्कृत भएका छन् । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ अनुसार स्वमूल्यांकनको काम प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र गरिसक्नुपर्ने हुन्छ । पालिकाहरूको शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशीकरणजस्ता सूचकलाई मूल्यांकनको आधार मानिएको हो । यस्तै, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपत् व्यवस्थापन र सहकार्य तथा समन्वयसहितका १० वटा सूचकका आधारमा स्थानीय तहले आ्नो कामको मूल्यांकन गरेका हुन् । तर, यसमा अंकभार निर्धारण गर्दा पुष्टि हुने कागजात वा प्रमाण पनि अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको छ । सरकारले आर्थिक वर्ष २०७६/०७७ देखि स्थानीय तहको संस्थागत स्वमूल्यांकन सुरु गरेको हो ।

# विद्यार्थीलाई यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा




**पाल्पा,** भदौ ७/पाल्पा जेसिजले विद्यार्थीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा सम्बन्धी सचेतना कार्यक्रम गरेको छ । जेसिजले तानसेनमा रहेको मोहन कन्या माविका विद्यार्थीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा सम्बन्धी सचेतना प्रदान गरेको हो ।

विद्यार्थीहरुमा यौन र प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी गराउने उद्देश्यले सचेतना कार्यक्रम गरिएको जेसिजले जनाएको छ । विद्यार्थीहरुलाई प्रशिक्षक निर्मला रेगामी र कुन्ति बरालले यौन र प्रजनन् बारेमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा प्रमुख अतिथि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठले पाल्पा जेसिजले विद्यार्थीहरुमा यौन र प्रजननका बारेमा सचेतना जगाउने कार्य गरेकोमा खुसी व्यक्त गर्दै आफ्नो विद्यालयमै आएर सेचतना जगाएकोमा जेसिजलाई धन्यवाद समेत व्यक्त गरे । उनले समुदायमा मानिसहरुलाई बृहत् यौनिकता सम्बन्धी शिक्षा नहुँदा शारिरिक, मानसिक र शैक्षिक रुपमा परिपक्व नहुँदै विवाह गर्ने, महिलाका प्रजनन् स्वास्थ्य अधिकार प्रयोग नगर्ने, युवाहरुको शारिरिक रुपमा हुने विकासबाट आत्तिने भएकाले विद्यालय तहबाटै दिएको शिक्षाले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे ।

विशिष्ट अतिथि विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले हाम्रो देशमा यौन र यौनिकताको सवालमा कुरा गर्न अझै पनि बर्जित छ, त्यसैले युवालाई यौन सम्बन्धी कुरा गर्न, सिक्न र खोजी गर्न चुनौतीपुर्ण रहेको अवस्थामा जेसिजले सचेतना कार्यक्रम विद्यालयमा पुगेर गर्नु आफै अनुकरणीय कार्य रहेको बताए । जेसिज पाल्पाका अध्यक्ष जेसी अर्जुन कार्कीले विशेष गरी छात्राहरुले उमेरसँगै आउने शारिरिक परिवर्तनका क्रममा हुने स्वास्थ्य समस्याहरु कसैलाई भन्न नसकेर कुण्ठित गरेर राख्ने गरेकाले त्यसलाई सहज बनाउन आफूहरुले विद्यालय तहमा पुगेर यौन र प्रजननका बारेमा सचेतना जगाउदै हिडेको उल्लेख गरे । उनले विद्यार्थीहरुलाई खुलेर यौन र प्रजननका बारेमा आफ्ना आमा, बुवा, दाजु, भाई दिदीबहिनीहरुलाई बताउन आग्रह गरे । कार्यक्रम संयोजक जेसी कला दाहालले तानसेन नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा सचेतना कार्यक्रम गरिएको बताईन् । उनले विद्यालयको पाठ्क्रममै यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषय नै हटाइएकोले विद्यार्थीहरुमा अन्यौलता सिर्जना हुनुको साथै स्वास्थ्य समस्याहरु देखिदै गएकाले त्यसलाई सहजता प्रदान गर्न कार्यक्रम आयोजना गरिएको उल्लेख गरिन् । जेसिजका अध्यक्ष अर्जुन कार्कीको अध्यक्षता, एजिना खनालको आस्था पाठ, महासचिव विजय कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### भारतले हरायो माल्दिभ्सलाई



**काठमाडौं,** भदौ ७/साफ यु-२० च्याम्पियनसिप अन्तर्गत समूह चरणको अन्तिम खेलमा भारतले माल्दिभ्सलाई १-० ले पराजित गरेको छ ।

लगातार दुई जितपछि भारत समूह बी को विजेताको रुपमा सेमिफाइनल प्रवेश गरेको छ । भारतले दुई खेलमा ६ अंक जोड्यो । माल्दिभ्स भने दुई खेलमा पराजित हुँदै अंकविहिन हुँदै समूह चरणबाट बाहिरियो । भारतले माल्दिभ्सलाई हराएपछि भुटान समूह बी को उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ । खेलको इन्जुरी टाइमको पाँचौ मिनेटमा भारतका लागि मंग्लेनथाङ किपगेनले निर्णायक गोल गोल गरे । यसअघि नै समूह ए बाट घरेलु टोली नेपाल र बंगलादेश सेमिफाइनल प्रवेश गरिसकेका छन् । नेपाल दुई खेल जित्दै समूह ए को विजेता बन्दा बंगलादेश उपविजेता बन्दै सेमिफाइनल पुगेको हो । अब घरेलु टोली नेपालले सेमिफाइनलमा समूह बी को उपविजेता भुटानसँग प्रतिस्पर्धा गर्नेछ । यस्तै साविक विजेता भारतले सेमिफाइनलमा समूह ए को उपविजेता बंगलादेशसँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको भाउ तोलामा पाँच सय रुपैयाँले घट्यो






**पाल्पा,** भदौ ७/सुनको भाउ शुक्रबार तोलामा पाँच सय रुपैयाँले घटेको छ । सुन शुक्रबार पाँच सय रुपैयाँले घटेर तोलाको एक लाख ५१ हजार चार सय रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । बिहीबार सुन तोलाको एक लाख ५१ हजार नौ सय रुपैयाँ रहेको थियो । गत बुधबार भने सुन अहिलेसम्मकै उच्च तोलाको एक लाख ५३ हजार रुपैयाँ पुगेको थियो ।

त्यस्तै शुक्रबार चाँदीको भाउ पनि घटेको छ । चाँदी १५ रुपैयाँले घटेर तोलाको एक हजार आठ सय १५ रुपैयाँमा कायम भएको महासैले जनाएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६८, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

स्वच्छ समाजको निर्माणमा सहभागी बनौं

- सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको उत्खननलाई व्यवस्थित गरौं,
- भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गरौं,
- पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाइट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर ५ तानसेन पाल्पा फोन ०७५-५२०६०१ E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई